STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ १७ गते बिहीबार ❑ 2 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुख्यमन्त्री–युएनडिपी डिआरआर भेट

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) का नेपालस्थित डेपुटी रेसिडेन्ट रिप्रिजेन्टेटिभ (डिआरआर) बर्नान्डो कोकोबीच बुधबार पोखरामा भेट भएको छ।



मुख्यमन्त्री कार्यालयमै भएको भएको भेटमा मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेशका साथै मुलुककै विकासको अभिन्न साझेदार युएनडिपीले गण्डकीमा भौतिक उपस्थिति नै जनाएर काम गर्दा अझ सहज हुने बताए। उनले भने, ' गण्डकी प्रदेशमा सम्भव भए रिजनल अफिस नभए फिल्ड अफिस स्थापना हुनेछ भन्नेमा म विश्वस्त छु । आवश्यक निर्णयका लागि डिआरआरसँग अनुरोध गर्दछु ।' मुख्यमन्त्री पोखरेलले युनएनडिपीले गण्डकी प्रदेशको पर्यटन क्षेत्रको विकासका लागि जुन परियोजनामा सहकार्य गर्न इच्छा देखाएकोमा त्यसलाई छिट्टै पूर्णता दिने विश्वास दिलाए। उनले भने, 'नव प्रवर्तनका क्षेत्रमा, साना तथा मझौला उद्योगको विकासमा, कृषिको आधुनिकीकरण गर्नमा युएनडिपीले सहयोग गरिदियोस् भन्ने हाम्रो चाहाना छ।'

मुख्यमन्त्री पोखरेलले उद्यमशीलता प्रवर्द्धन, कृषिको बजारीकरण, डिजिटल प्रविधिको प्रयोगमा युएनडिपीले भविष्यमा महत्वपूर्ण सहयोग गर्नेछ भन्ने विश्वास व्यक्त गरे। युएनडिपीको सहयोगमा वालिङ नगरपालिकामा सञ्चालित उद्यम विकास लगायतका कार्यक्रम प्रभावकारी भएकाले त्यस्ता असल अभ्यासलाई सबै पालिकामा लैजाने सन्दर्भमा प्रदेश सरकार यहाँहरुसँग सहकार्य गर्न इच्छुक रहेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो । दीगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन र स्थानीयकरणमा युएनडिपीको सहयोग बढाउन आवश्यक देखेको भन्दै उनले यसमा सहयोग प्राप्त हुने अपेक्षा मुख्यमन्त्रीले व्यक्त गरे।

डिआरआर बर्नान्डोले योजना निर्माण, सुशासन, हरित अर्थतन्त्र, लघुउद्यम प्रर्वद्धन लगायतका कार्यक्रममा आफूहरु सहकार्य गर्न तयार रहेको बताए । बर्नान्डोले बुधबार नै पर्यटन उद्योग तथा आपुर्ति मन्त्री मणिभद्र कँडेल, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेसँग पनि भेटेका छन्। मुख्यमन्त्रीसँगको कार्यक्रममा गण्डकीका प्रमुख सचिव डा. दामोदर रेग्मी, योजना आयोगका उपाध्यक्ष डा. काफ्ले, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, युएनडिपीको रिजनल अफिस बुटवलका प्रमुख सुदीप अर्याल सहभागी थिए।

## गुट रहित काँग्रेस बनाउन मेरो उम्मेदवारी : श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १६ भदौ**

नेपाली काँग्रेसका केन्द्रिय सदस्य एवं संगठन विभाग प्रमुख गोपालमान श्रेष्ठले नेपाली काँग्रेसको घोषित १४ औं महाधिबेशनमा सभापति पदमा उम्मेदवारी दिने भएका छन् । गुट रहित काँग्रेस बनाउने अभियानलाई सार्थक बनाउन आफूले सभापति पदमा उम्मेदावरी दिन लागेको उनले बताए।



"गुटैगुट सृजना हुँदा काँग्रेस कमजोर बन्दै गएको छ ।" नेपाली काँग्रेस स्याङ्जाले जिल्ला सदरमुकाममा गरेको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै काँग्रेस नेता श्रेष्ठले गुटको अन्त्यसँगै नेपाली काँग्रेसलाई देशकै ठूलो दल बनाउन आफ्नो उम्मेदवार बन्न लागेको समेत दाबी गरे।

"काँग्रेसलाई सबैको पार्टी बनाउन हिमाल, पहाड र मधेशमा बस्ने आदिबासी जनजाति, दलित, मुस्लिम, अल्पसंख्यकलाई एक साथमा लिएर अगाडी बढ्छु ।" पूर्व उपप्रधानमन्त्री समेत रहेका नेता श्रेष्ठले भने, "सबै क्षेत्र वर्गलाई पार्टीमा प्रतिनिधित्व गराउने पहिलो दल नेपाली काँग्रेस हो।" सनातन धर्मसहितको धार्मिक स्वतन्त्रता आफ्नो एजेण्डा रहेको समेत उनको भनाई थियो।

आफ्नो जन्मभूमि स्याङ्जा भएकाले यहाँबाट काँग्रेसको सभापतिमा उम्मेदवारी दिने घोषणा गर्दै वर्तमान सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले पनि आफूलाई साथ दिनुपर्नेमा नेता श्रेष्ठको जिकिर थियो। प्रधानमन्त्री देउवाको सक्रियता भएमा आफू सर्वसहमतिमा सभापति बन्न सक्ने समेत उनले बताए । राजा ज्ञानेन्द्रले तानाशाहि शासन गर्दा समेत आफू कार्यबहाक सभापति भएका बेला ११ औं महाधिबेशन गराएर ईमान्दारितापूर्वक जेलमा रहेका देउवालाई सर्वसहमतिमा सभापतिमा चयन गराएको समेत उनले स्मरण गराए। मलाई विश्वास छ, त्यो ईमान्दारिता र संगठनमा गरेको योगदानको मूल्याङ्कन गरिन्छ उनले भने । वर्तमान सरकार गठबन्धनको भएका कारण प्रधानमन्त्रीलाई सरकार संचालनमा बढि व्यस्तता हुनु परेको नेता श्रेष्ठले सुनाए । काँग्रेसको सभापति भए म सरकारलाई सफल बनाउन र आम नागरिकको आवश्यकता पुरा गराउन पूर्ण रुपमा सहयोग गर्ने उनले प्रतिवद्धता जनाए । गठबन्धनकै भएपनि राम्रो काम गर्दै सरकार अगाडि बढेको उनले बताए।

## मुख्यमन्त्री पोखरेलद्वारा पक्षे अस्पताल निरीक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बुधबार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल अनुगमन गरेका छन् । कोभिडको तेस्रो लहर आउने आँकलन स्वास्थ्यविदहरुले गरिरहेका बेला उक्त अस्पतालले गरेको तयारी बारे जानकारी लिन मुख्यमन्त्री आकस्मिक रुपमा अनुगमनमा निस्केका हुन्।

मुख्यमन्त्रीले कोभिड वार्ड, अक्सिजन प्लान्ट, अक्सिजन आपुर्ति केन्द्र, मेडिकल वार्ड, प्रसूति वार्ड र एनआइसियु वाड अनुगमन गरी बिरामीसँग अन्तक्रिया समेत गरे। तेस्रो लहरको प्रभाव बालबालिकामा हुने अनुमान गरिएकामा अस्पतालले त्यही अनुसारको तयारी गर्न मुख्यमन्त्री पोखरेलले अस्पताल प्रशासनलाई निर्देशन दिएका छन् । जनशक्ति, अक्सिजन लगायत अन्य व्यवस्थापनका लागि प्रदेशले सघाउने भन्दै मुख्यमन्त्री पोखरेलले गुनासो नआउने गरी काम गर्न निर्देशन दिएका हुन्। निम्न आय भएका बिरामीहरु सरकारी अस्पतालमा नै आउने भएकाले कोभिडका अतिरिक्त अरु बिरामीको उपचारमा पनि ध्यान पुर्‍याउन मुख्यमन्त्री पोखरेलले निर्देशन दिए।

संघ मातहत रहेको अस्पतालले प्रदेशसँगको समन्वयमा कोभिड नियन्त्रण, रोकथाम र उपचारका लागि काम गर्दै आएको छ । कोभिडको उपचारका कारण अन्य बिरामी समस्यामा परेको गुनासो बढेपछि अहिले अस्पताले व्यवस्थापन गरेको निर्देशक डा. भरत खत्रीले बताए। गण्डकीका सबै जिल्ला र अन्यत्रबाट समेत गण्डकी अस्पतालमा बिरामी आउने गरेका छन् । उक्त अवसरमा प्रतिष्ठानका उपकुलपति डा. डुकबहादुर क्षेत्रीले क्षेत्रीय अस्पतालमा बिरामीको चाप कम गराउन जिल्ला अस्पतालहरुसँग समन्वय गर्दै आएको बताए। अहिले अस्पताल परिसरमै अक्सिजन प्लान्ट स्थापना भएर वार्डहरुमा आपुर्ति समेत सुरु भएको छ । कोभिडका बिरामी बढी भएको अवस्थामा जगेडा सिलिन्डर प्रयोग गर्ने गरी प्रदेश स्वास्थ्य निर्देशनालयसँग समन्वय भइरहेको उनले जानकारी गराए । प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मी सहभागी रहेको कार्यक्रममा प्रदेश स्वास्थ्य सचिव डा. विनोदबिन्दु शर्माले अस्पतालमा आइलागेका समस्या समाधानका लागि आफूहरु तत्पर रहेको भनाइ राखे।

## न्यायालयलाई स्रोतसाधनयुक्त बनाउनुपर्छ : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले लोकतन्त्रमा न्यायालयलाई स्रोतसाधन र सुविधा सम्पन्न बनाउन सकेमात्र नागरिकले सुशासन र न्यायको अनुभूति गर्न पाउने बताएका छन्।

जिल्ला अदालत कास्कीले बुधबार गरेको स्वागत कार्यक्रममा मुख्यमन्त्रीले अदालतको भौतिक संरचनाका साथै जनशक्ति चुस्त दुरुस्त भए न्यायिक प्रक्रिया छरितो हुने विश्वास व्यक्त गरे । राज्यका अरु अंगहरु कमजोर भएका बेला न्यायालयले महत्वपूर्ण भूमिका निर्वाह गरेको उनको भनाइ थियो । शासन व्यवस्थाको प्रत्याभूति गराउने न्यायालयको सुदृढीकरणमा राज्यले भने कमै चासो दिने गरेको उनको भनाइ थियो।

मुख्यमन्त्री पोखरेलले अदालतको भित्री र बाहिरी संरचनाको अवलोकन गरेका थिए। दसकौं पहिला बनेको पुरानो भवनबाट काम गर्न निकै असहज भएपछि अदालतले अस्थायी रुपमा इजलाश बनाएर काम चलाइएको छ। अदालत भवनको पूर्वतिर पिर्केखोलाले गरेको कटान पनि मुख्यमन्त्रीले अवलोकन गरे। अघिल्लो सरकारका पालमा फर्निचर खरिदका लागि प्रदेशले २० लाख रुपैयाँ प्रदान गरेको थियो । अदालतको भौतिक सुधार र जग्गा व्यवस्थापनका लागि आफूले सक्दो पहल गर्ने मुख्यमन्त्री पोखरेलले प्रतिबद्धता जनाए। आफूले लामो समय वकालतमा बिताएकाले पनि यो क्षेत्रको मर्म आफूले राम्रोसँग बुझेको उनको भनाइ थियो। जिल्लाका प्रमुख न्यायाधीश श्रीकृष्ण भट्टराईले अदालतको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## क्यान महासंघ कास्कीद्वारा सूचना प्रविधि सम्बन्धी अवधारणा पत्र पेश

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ भदौ**

कम्प्युटर एसोसियसन नेपाल महासंघ कास्की शाखाको १३ औ वार्षिक उत्सवको अवसरमा कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री माननीय विन्दु कुमार थापालाई सूचना प्रविधि सम्बन्धी संस्थागत अवधारणा पत्र पेश गरेको छ।



उक्त कार्यक्रमको अवसरमा मन्त्री थापालाई बधाई ज्ञापन ब्यक्त गरेको छ । गण्डकी प्रदेशमा सुचना, सञ्चार तथा प्रविधिको विकास, प्रबर्दन र नियमन गर्न संघीय शासन प्रणाली अनुकुल प्रदेशस्तरमा सूचना तथा प्रविधि सम्वन्धी आधारभूत पुर्वधारको विकास तथा सूचना प्रविधिको महत्वलाई उजागर गर्नको लागी क्यान कास्कीबाट तयार गरिएको संस्थागत अवधारण पेश गरेको हो । उक्त कार्यक्रमा प्रमुख अतिथीको मन्तब्य राख्दै मन्त्री थापाले हरेक क्षेत्र र ब्यक्तिसंग जोडिएको सुचना प्रविधिलाई अगाडी वढाउन क्यान कास्कीसंग सहकार्य गर्ने बताए । सोही कार्यक्रममा शुभकामना मन्तब्य राख्दै क्यान महासंघ गण्डकी प्रदेशका अध्यक्ष तुलसि राम पाण्डेले आइटी सेवालाई राज्यले अति आवश्यक सेवा अर्न्तगत राखी सोही अनुरुपको सेवा सुविधा प्रदान नगरेकोमा गुनासो ब्यक्त गरे । क्यान कास्कीका संस्थापक महासचिव तथा संस्थाका पूर्व अध्यक्ष चण्डी प्रसाद अर्यालले नेपाल सरकारले ब्यवस्था गरेका सुचना प्रविधिका निति नियम तथा सेवालाई गण्डकी प्रदेशले पनि कार्यन्वयन गर्दा आइसिटि क्षेत्रमा टेवा पुग्ने बताए। क्यान कास्कीका कार्यवहाक अध्यक्ष दुधमान गुरुङ्ग 'आषिश'को अध्यक्षता सम्पन्न उक्त कार्यक्रममा कार्यक्रम संयोजक तथा संस्थाका निवर्तमान अध्यक्ष युवराज पौडेलले स्वागत मन्तब्य र कार्यक्रम संचालन संस्थाका सचिव सेवक क्षितिजले गरेका थिए।

## 'सभ्य र सुसंस्कृतको पाठ सिकाउने ज्ञानकुञ्जको केन्द्र पुस्तकालय'

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ भदौ**

पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्यालयले पुस्तकालय २१औं शताब्दीको मुटु भएको बताउनुभएको छ।

'सबल समाजको आधारः सार्वजनिक पुस्तकालयको विकास र विस्तार' भन्ने नारासहित १४औं राष्ट्रिय पुस्तकालय दिवसका अवसरमा मङ्गलबार पोखरा विश्वविद्यालयमा आयोजित कार्यक्रममा उहाँले सभ्य र सुसंस्कृतको पाठ सिकाउने ज्ञानकुञ्जको केन्द्र पुस्तकालय भएको बताउनुभयो । शैक्षिक अनुसन्धान र गुणस्तर प्रवर्द्धन गर्ने प्रमुख माध्यमका रूपमा पुस्तकालयलाई चित्रण गर्दै उहाँले यसको व्यवस्थापनलाई हलुका ढङ्गले लिन नहुनेमा जोड दिनुभयो।

पोखरा विश्वविद्यालयका रजिष्ट्रार डा दीपकबहादुर भण्डारीले पुस्तकालयलाई सफा, स्वच्छ र व्यवस्थित बनाउनुपर्ने उल्लेख गर्नुभयो।पुस्तकालयकोवातावरणलाई पठनयोग्य तुल्याउनुपर्नेमा जोड दिँदै उहाँले कस्तो पुस्तकालय बनाउने, कस्तो जनशक्ति चाहिने भन्ने कुरा इच्छाशक्तिसहित योजनाबद्ध तरिकाले आउनुपर्ने आवश्यकता औँल्याउनुभयो।पोखराविश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डिन डा अजय थापाले पुस्तकालयको विकास र विस्तारका लागि पुस्तकालयमा पढ्ने कक्षका अलवा मनोरञ्जन लिने र सामूहिक छलफल गर्ने छुट्टाछुट्टै कक्ष बनाउनुपर्नेमा जोड दिनुभयो।

पोखरा विश्वविद्यालय व्यवस्थापन सङ्कायका डिन डा दयाराज ढकालले पुस्तकालयलाई सबैको पहुँचमा पुर्‍याउन यसको उपयोगलाई राष्ट्रव्यापी तुल्याउनु पर्ने आवश्यकता रहेको बताउनुभयो।

स्वास्थ्य विज्ञान सङ्कायका डिन डा अमर नागिला, परीक्षा नियन्त्रक डा तुल्सीराम भण्डारी, स्कुल अफ डेभलपमेन्ट एन्ड सोसल इन्जिनियरिङका निर्देशक डा रामप्रसाद अर्याल, स्कुल अफ बिजनेसका निर्देशक डा श्रृजन ज्ञवाली, स्कुल अफ हेल्थ एन्ड एलाइड साइन्सेजका निर्देशक विमला भट्ट, योजना तथा कार्यक्रम महाशाखाप्रमुख डा दीपकराज पौडेल, पोखरा विश्वविद्यालय केन्द्रीय पुस्तकालयका प्रमुख उपप्रशासक (पुस्तकालय) हेमन्तराज कँडेल लगायतले पुस्तकालयको महत्व सम्बन्धमा आ-आफ्ना धारणा राख्नुभयो। जम्मा तीन सय पाठ्यपुस्तकबाट २०५६ सालमा स्थापित पोखरा विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा हाल ३४ हजारभन्दा बढी पाठ्यपुस्तक रहेको उक्त अवसरमा जानकारी दिइयो । पुस्तकालयलाई ई-रिसोर्सेजलगायत अन्य पाठ्यपुस्तक, जर्नल, न्युजपेपर, पुराना प्रश्नपत्रहरूको सँगालोका साथै इलेक्ट्रोनिक भर्सनका पाठ्यपुस्तक र शोधपत्रले व्यवस्थित पारिएको जनाइएको छ। कार्यक्रममा पुस्तकालयतर्फ उत्कृष्ट स्कुल अफ इन्जिनियरिङका कम्प्युटर इन्जिनियरिङ विषयका छात्र अमित ढकाललाई सम्मान गरिएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# संकटमा एमाले प्रदेश सरकार

नेपाल कम्युनिस्ट पार्टीको एमालेको विभाजनपछि वागमती प्रदेश र प्रदेश नं १ को सरकार अप्ठ्यारोमा परेका छन । एमालेबाट माधवकुमार नेपाल विभाजित भई नेकपा एकीकृत समाजवादी दल बनाएपछि प्रदेश र स्थानीय तहकाले नयाँ दल रोज्न भदौ २२ गतेसम्मको समय दिइएको छ । काङ्ग्रेस सभापतिहरूको शेर बहादुरी देउवा नेतृत्वको गठबन्धन सरकारले एमाले विभाजन गराउन अध्यादेश ल्याएको छ। २० प्रतिशत संघीय सांसद वा केन्द्रीय सदस्यले दल विभाजन गर्न चाहेमा मान्यता पाउने, सांसद पद कायम रहने खुकुलो अध्यादेश ल्याएर दल विभाजनलाई सजिलो बनाइदिएको छ।

एमालेको एकल बहुमत रहेको वागमती र प्रदेश नं १ को सरकार हटाएर गठबन्धनको सरकार बनाउन एमालेलाई कमजोर बनाउन हरसंभव प्रयास गरिएको छ । जसरी पनि एमालेलाई कमजोरी बनाउन सकेमा गठबन्धनको सरकार टिकाउन सकिन्छ भन्नेमा सोच छ। एमालेले निर्वाचन आयोग र प्रतिनिधिसभा सभामुख अग्नी प्रसाद सापकोटाले पार्टीको विभाजन गराउने काम गरेको भन्दैमा सर्वोच्च अदालतमा रिट दायर गरेको छ । एमाले नेतृत्वका गण्डकी र लुम्बिनी प्रदेशका सरकार ढलिसकेका छन । प्रदेशको नं दुईवटा बाहेक छ वटा प्रदेशमा सबैभन्दा ठूला दललाई सत्तामा बाहिर राखेर मिलिजुली सरकार बनाउने काम भएको छ। एमालेले वागमती र प्रदेशको नं १ को सरकारलाई टिकाउन संविधान सम्मत तरिकाले प्रयास गर्नेछ भएको छ।

प्रदेश सभामा विश्वासको मत लिने,दुईवटा वा दुईवटा भन्दा बढी दलको समर्थनमा सरकार बनाउन प्रयत्न गर्नेछ भएको छ। एमाले वागमती प्रदेश संसदीय दल बैठकले अष्टलक्ष्मी शाक्य नेतृत्वको सरकारलाई टिकाउनका लागि सबै पहल र प्रयास अघि बढाउने निर्णय गरेको छ। बैठकमा बोल्दै शाक्यले सरकार टिकाउन लागिपर्ने र केही दिनमा सुखद समाचार दिने दावी गरिन् । पहिलो महिला मुख्यमन्त्री शाक्यलाई हटाएर १५ महिनाको लागि बाँडिचुडी सरकार बनाउन खोज्नु दलहरूलाई लज्जित बनाउने काम हो।केही अवसरवादीलाई चित्त बुझाउन दलहरूले अप्रिय र अनैतिक काम गरेकामा चुनावमा जनताले दिने सजायँ ठूला हुनसक्छ। मुख्यमन्त्री तथा संसदीय दलका नेता शाक्यले आफू जीवनमा कहिल्यै पनि पार्टी फुटाउने पक्षमा नलागेको र अब पनि नलाग्ने बताएकी थिइन् । पार्टीलाई एकतावद्ध बनाउने क्रममा नै आफू यो जिम्मेवारीमा आएको उनको भनाइले तत्कालको लागि भन्दा आउँदो चुनावलाई ध्यान दिएको देखिन्छ।

'संवैधानिक प्रक्रियाअनुसार सरकार टिकाउन अनवरतरुपमा लागेमा' बुझाइमा कमी–कमजोरीका कारण अन्यत्र लागेकालाई ल्याउन सकिन्न। छलफल र संवाद अघि बढाएर हिजो एउटै चुनावी घोषणापत्र र चिन्हबाट जितेका एउटा मुद्दामा मिल्न सक्छन् । प्रदेशमा संविधानको धारा १६८(१) अनुसार बनेको सरकार नरहने भएपछि १६८(२) र (३) अनुसारको प्रक्रिया अगाडि बढाउन सकिने विकल्प छ । एमालेको लागि पदभन्दा पार्टी एकता ठूलो रहेको मुख्यमन्त्री र निवर्तमान मुख्यमन्त्रीको भनाइले जनताको भावनालाई आत्मसात गरेको छासरकारको निरन्तरताका लागि सबै दलहरुसँग छलफल गरेर संवैधानिक अधिकारहरु प्रयोग गर्दै अगाडि बढ्न सबै ढोका खुल्ला राख्ने निर्णय ठूलो दलको कर्तव्य हो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : सम्मान मिल्नेछ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : झमेला बड्ने | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : मन चञ्चल | कुम्भ | : शत्रुको भय |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नगरपालिकाद्वारा छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
**बागलुङ, १६ भदौ**

बागलुङ नगरपालिकाले प्राविधि शिक्षा अध्ययनरत जेहेन्दार तथा विपन्न विद्यार्थीलाई मासिकरूपमा छात्रवृत्ति उपलबध गराउन थालेको छ।

नगरपालिकाले 'गोविन्द अधिकारी व्यावसायिक छात्रवृत्ति' कार्यक्रम मार्फत रकम उपलब्ध गराउन सुरुआत गरेको हो । तीन वर्षअघिदेखि नै नीति तथा कार्यक्रममा राखेको उक्त कार्यक्रम कार्यविधि बनाइएको थियो । गत वर्षदेखि वितरण गर्ने भने पनि कोरोनाका कारण यस वर्षदेखि सामुदायिक विद्यालय तथा प्राविधिक धारमा अध्ययनरत २७ विद्यार्थीलाई मासिक छात्रावृत्ति वितरण गर्न शुरु गरिएको नगरपालिकाले जनाएको छ।

कक्षा ९ र १० मा अध्ययन गर्नेलाई मासिक रु एक हजार र कक्षा ११, १२ र डिप्लोमा अध्ययन गर्ने विद्यार्थीलाई मासिक रु दुई हजारका दरले रकम उपलब्ध गराइने छ।

आगामी दिनमा विद्यार्थीको बैंक खातामै चौमासिकरूपमा छात्रवृत्ति भुक्तानी गरिने नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो। 'पूर्व सांसद स्व गोविन्द अधिकारीको सम्मानमा' नगरपालिकाले जेहेन्दर विपन्न विद्यार्थीको पठनपाठनमा सहयोग गर्ने अभिप्रायले तीन वर्षअघिदेखि कार्यक्रम ल्याएको हो। "यसले यस वर्षबाट सार्थकता पाएको छ, कार्यविधि बनाउन समय लाग्यो र लगत्तै कोरोना कहर भएकाले ढिलै भए पनि छात्रवृत्ति वितरण गर्न थालेका छौँ", उहाँले भन्नुभयो " प्लस टु पास गर्ने विद्यार्थी छात्रवृत्तिको सूचीबाट घट्ने र कक्षा ८ पास गरेका विद्यार्थी कार्यविधिअनुसार छनोटमा पर्नेछन्, सङ्ख्यात्मकरूपमा आगामी वर्ष विद्यार्थीको सङ्ख्या बढ्दै जाने छ ।" छात्रवृत्ति कार्यक्रमबाट भविष्यमा दक्ष जनशक्ति उत्पादनमा सहयोग पुग्ने नगरपालिकाले जनाएको छ । छात्रवृत्ति पाउँदा आफूलाई अध्ययनमा धेरै सहयोग पुग्ने धवलागिरि प्राविधक प्रतिष्ठानमा अध्ययनरत संरचना विकले जानकारी दिनुभयो।

मङ्गलबार सङ्घीय सांसद मनकुमारी केसी, नगर प्रमुख पौडेल तथा स्व अधिकारीकी श्रीमती भीमा अधिकारीलगायतले २७ विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्नुभएको थियो।

# बाढीपहिरोको चपेटामा थाकखोलाको नूनखानी

**पोखरापत्र संवाददाता**
**बागलुङ, १६ भदौ**

बाढीपहिराकाकारणथाकखोलाको नून खानी सङ्कटमा परेको छ । खानी संरक्षणका लागि बनाइएका संरचना बर्सेनि बाढीपहिराको सिकार हुने गरेका कारण मुस्ताङको थाकखोलामा रहेको नूनखानी सङ्कटमा परेको हो । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–३ छुसाङमामा रहेको नूनखानी संरक्षणका लागि गाउँपालिकाले निर्माण गरेका संरचना बर्सेनि बर्खा याममा बग्ने गरेका छन् । नर्सिङ खोलामा आउने बाढी र वर्षापछि आउने पहिराका कारण नूनखानीको संरक्षणका लागि बनाइएका संरचनामा क्षति पुग्ने गरेको गाउँपालिका अध्यक्ष पेन्चोक छेप्तेन गुरुङले बताउनुभयो। गत वर्ष बनाइएका दुईवटा पोखरी बाढीले बगाएको छ।

नर्सिङ खोला छेवैमा रहेको पहाडबाट रसाउने पानी नुनिलो आउछ । त्यही पानीलाई छानेर पोखरीमा जम्मा गरेर नर्सिङ खोलाको पानी मिसाएपछि केही दिनमा हिँउजस्तै जम्छ । त्यही जमेको ढिक्कालाई थकाली समुदायले नून बनाउने गरेका थिए । गतवर्ष रु १५ लाख खर्चेर बनेका दुई वटा पोखरीमा यस वर्षको बाढीपहिराले क्षति पुऱ्याएको गुरुङले बताउनुभयो । "हामीले कल्भर्ट, पोखरी निर्माण गरेका थियौं, तर बाढीपहिरोले सधैँ क्षति पुऱ्याउछ", गुरुङ भन्नुहुन्छ, "नुन खानीको संरक्षण चुनौतीपूर्ण बनिरहेको छ ।" गाउँपालिकाले खानीको संरक्षण र प्रयोग गरेर पर्यटन र उत्पादन दुवैको योजना बनाएको थियो। नूनिलो पानी आउने पहाडमा वर्षाको समयमा पहिरो आउने गरेको छ।

छेवैमा रहेको नर्सिङ खोलाको बाढीले खानी छेउका संरचनामा क्षति पुऱ्याउने गरेको छ । "यहाँ खानी हेर्न चाहनेलाई पठाउन मात्रै सकेपनि धेरै फाइदा थियो", अध्यक्ष गुरुङ भन्नुहुन्छ, "अफ्ठ्यारो बाटोका कारणले पनि सोचेको जस्तो पर्यटक पठाउन सकिएको छैन् ।" यहाँको नुन बहुगुणी हुने मान्यता रहेकाले यसको उत्पादनमा गाउँपालिकाले लगानी बढाएको थियो। औषधीय गुण भएको नुन खोज्ने धेरै भए पनि खानीमै रहेको प्राकृतिक समस्याका कारण उत्पादन गर्न नसकेको उहाँले बताउनुभयो । पहाडमा रसाएको पानीमा खोलाको पानी मिसाएपछि मात्रै नुन जम्ने बताउनुहुन्छ, लामो समय नूनको उत्पादनमा काम गरेका छुसाङका वयोवृद्ध पेमा तोर्चे। त्यही पानी जमाउनका लागि बनाइएका संरचना भत्किएपछि नुन उत्पादन नहुने उहाँले बताउनुभयो।

# किसानलाई अनुदानमा कृषि औजार

**पोखरापत्र संवाददाता**
**तनहुँ, १६ भदौ**

जिल्लाको भिमाद नगरपालिकाले किसानलाई मङ्गलबार ६३ थान कृषि औजार ५० प्रतिशत अनुदानमा वितरण गरेको छ। कृषि उत्पादनमा वृद्धि गराउने उद्देश्यले किसानलाई प्रोत्साहन गर्न सुपथ मूल्यमा औजार प्रदान गरिएको भिमाद नगरपालिकाका प्रमुख मेखबहादुर थापाले बताउनुभयो।

औजारका माध्यमबाट किसानले छोटो अवधिमा धेरै काम गर्न सक्ने र उत्पादनमा समेत वृद्धि गर्न सहयोग पुग्ने हुनाले औजार प्रदान गरिएको उहाँले बताउनुभयो। "रोजगारीको सिलसिलामा युवाहरू विदेश पलायन हुँदा गाउँघरमा वृद्धवृद्धा मात्रै रहँदा खेतबारी बाँझो हुन गएकाले थोरै जनशक्तिले पनि खेतबारी बाँझो नहुने भएकाले औजार वितरण गरिएको हो," उहाँले भन्नभुयो।

नगरपालिकाले ५० प्रतिशत अनुदानमा नौवटै वडाका किसानलाई हातेट्र्याक्टर, कम्बाइन मिल, ब्रस कटर, थ्रेसरलगायत कृषि औजार वितरण गरेको हो। नगरभित्रका फर्म दर्ता भएका कृषक, समूह लगायतलाई सो औजार वितरण गरिएको हो।

त्यसैगरी नगरपालिकाले किसानलाई ५३ वटा कृषि यन्त्रहरू वितरण गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत थमनसिं थापाले जानकारी दिनुभयो। आर्थिक वर्ष ०७७/७८ को कार्यक्रमअन्तर्गत कृषि औजार वितरण गरिएको हो।

# 'चामे जान काम पर्छ, पुल छैन'

**पोखरापत्र संवाददाता**
**मनाङ, १६ भदौ**

सडक सञ्जालबाट टाढा रहेको नार्पाभूमि गाउँपालिका पुग्न समस्या भएको छ । मर्स्याङ्दी नदीमा गत असार १ गते आएको बाढीले गाउँपालिका पुग्ने एक मात्र झोलुङ्गे पुलमा क्षति पुऱ्याएपछि आवातजावतमा कठिनाइ भएको हो।

बाढीले सदरमुकाम चामेसँग जोड्ने एक मात्र पुलमा क्षति पुगेपछि अहिले गाउँपालिकावासी ज्यान जोखिममा राखेर सामग्री ल्याउन बाध्य छन् । पुलको अधिकांश भाग भत्केको छ। त्यही पुलबाट नारफुका बासिन्दा सदरमुकाम आवतजावत गर्न बाध्य भएका छन्।

बाढीले पुल भत्किएपछि चामे गाउँपालिका–२ कोतोस्थित मर्स्याङ्दी नदीमाथिको पुलकै भरमा ओहोरदोहोर गर्न बाध्य भएको फुगाउँका स्थानीय सोनाम तेजे लामाले जानकारीदिनुभयो । "जोखिम मोलेर हिँडेन भने काम गर्न सकिँदैन।

सधैँ हेलिकोप्टर आउने कुरा भएन, सदमुकाममा काम पर्छ । जानुपऱ्यो, पुगेर फर्किन सक्ने हो कि होइन चिन्ता र त्रास त्रासैमा हिँड्नुपर्छ", उहाँले भन्नुभयो। गाउँसँग जोड्ने अन्य पुल पनि छैन । नार्पाभूमि गाउँपालिका सडक सञ्जालसँग समेत जोडिएको छैन। "गाउँपालिकासँग जोड्ने एक मात्र पुल पनि जीर्ण छ । यसलाई काठ राखेर जसोतसो हिँड्न मिल्ने बनाएका छौँ । यसलाई सहज बनाउनका लागि अझै मर्मत गरी सहज बनाउने प्रयास गरिरहेका छौँ। सदरमुकाममा काम पर्छ पुल छैन", नार्पाभूमि गाउँपालिकाका अध्यक्ष मिङ्मारछिरिङ लामाले भन्नुभयो।

खाद्यान्न हेलिकोप्टरमार्फत ल्याए पनि सदरमुकामबाट गर्नुपर्ने अन्य कामका लागि जोखिम मोलेर हिँड्न बाध्य भएको उहाँले जानकारीदिनुभयो । प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद लामिछानेले पुल मर्मत गर्न प्राविधिक जनशक्ति र आवश्यक सामग्रीसमेत अभाव रहेको बताउनुभयो । सो नदीको वहाव कम भए पनि जोखिम भने कम नभएको बताइएको छ।

# आन्तरिक आम्दानी बढाउँदै बागलुङ नगर

**पोखरापत्र संवाददाता**
**बागलुङ, १६ भदौ**

स्थानीय तहले आन्तरिक आम्दानीमार्फत नै सरकार सञ्चालन गर्नु सङ्घीयताको मर्म भए पनि नेपालका सबै स्थानीय तह आन्तरिक आय बढाउनभन्दा सङ्घ र प्रदेशको बजेटमा निर्भर छन्।

खासगरी स्थानीय स्रोत र साधनको पहिचान र अधिकतम प्रयोग गरी स्थानीय तहलाई आर्थिक रूपमा सबल बनाउनुपर्नेमा कतिपय स्थानीय तहले करको दायरा फराकिलो नबनाई करको दर मात्रै बढाएको भन्दै विरोधसमेत हुने गरेको छ। बागलुङ नगरपालिकाले करको दायरा फराकिलो बनाउँदै आन्तरिक आम्दानी बढाएको छ।

आर्थिक वर्ष २०७७/७८ सालमा झन्डै दुई करोडभन्दा बढी कर सङ्कलन गरी रु पाँच करोड ५२ लाख २४ हजार ६ सय १० सङ्कलन भएको बागलुङ नगरपालिकाकाराजश्वशाखाप्रमुख काशिराम शर्माले बताउनुभयो । बागलुङ नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ सालमा नगरपालिकाको आन्तरिक आम्दानी रु तीन करोड ३१ लाख ८६ हजार दुई सय २७ सङ्कलन गरेको थियो भने आर्थिक वर्ष २०७६/७७ सालमा आन्तरिक आम्दानीमा केही बढाएर रु तीन करोड ८१ लाख ३९ हजार ६३ सङ्कलन भएको थियो।

शर्माका अनुसार घर बहाल कर १२ प्रतिशत कायम गरेको नगरपालिकाले ६ प्रतिशतमा झारे पनि घरबहालको अनुगमनपश्चात् गत आर्थिक वर्षमा रु एक करोड ३३ लाख नौ सय ५१ रकम सङ्कलन भएको छ । कवाडी करबापत रु १४ लाख ११ हजार नौ सय ८० रकम सङ्कलन भएको छ। नगरपालिकाले नदीजन्य पदार्थ बिक्री वितरणमा समेत कडाइ गर्न थालेको र यसबाट आम्दानीमा उल्लेख्य सुधार भएको राजस्व शाखाप्रमुख शर्माले बताउनुभयो।

नगरपालिकाले नदीजन्य पदार्थ बिक्रीबाट रु ६७ लाखभन्दा बढी राजस्व सङ्कलन भएको छ । यसअघि सम्झौता गरेको क्रसर व्यवसायीले नदी दोहन गर्ने तर सम्झौता अनुसारको रकम नतिर्ने गरेकामा अहिले सम्झौता गर्दा साथ राजस्व सङ्कलन गर्ने नीति ल्याएको छ। नगरपालिकाले लुकेर रहेका करका स्रोत पहिचान, राजस्व छलीमा कडाइ र प्राकृतिक स्रोत बिक्रीमा कडाइ गर्दा आन्तरिक आम्दानी बढेको बागलुङ नगरपालिकाका नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । गत तीन वर्ष पहिलाको आन्तरिक आम्दानीको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा झन्डै रु दुई करोड २० लाखभन्दा बढी आम्दानी गर्न सफल भएको नगरप्रमुख पौडेलले बताउनुभयो। "हामीले कर बढाएका छैनौं, केही व्यावसायिक कर घटाएका छौं, करको दायरा बढाएका छौं, गुमेका कर उठाउँदै लगेका छौं भने घरबहाल र ढुङ्गा, गिट्टी, बालुवा बिक्री करलाई व्यवस्थित बनाएका हौं," नगरप्रमुख पौडेलले भन्नुभयो, "गत आर्थिक वर्षमा मात्रै रु पाँच करोड ५२ लाख २४ हजार ६ सय १० आम्दानी गर्नु ठूलो उपलब्धि मानेका छौं।" नगरप्रमुख पौडेलका अनुसार वार्षिक रु दुई करोडका दरले आन्तरिक आम्दानी वृद्धि गर्दै जाने लक्ष्य रहेको र सोही अनुसार करको दायरा फराकिलो बनाइएको छ । नगरपालिकाले यसअघि सम्पत्ति, व्यवसाय, नाता प्रमाणित लगायतका प्रशासनिक कर मात्रै लिँदै आएकामा पछिल्लो समय विज्ञापन, कवाडी, नदीजन्य पदार्थ बिक्रीलगायतका नयाँ करको क्षेत्रमा वृद्धिपश्चात् आन्तरिक आम्दानीमा वृद्धि भएको हो। आन्तरिक आम्दानीलाई अझ बढाउन कर शिक्षा प्रदान गर्ने घर बहाल करको विषयमा अनुगमन गर्ने नगरको अबको योजना छ।

# ९९ किसानलाई बैंकको १२ करोड सहुलियत कर्जामा ऋण

**पोखरापत्र संवाददाता**
**लमजुङ, १६ भदौ**

यहाँका पशुपालन क्षेत्रका ९९किसानलाई विभिन्न बैंकद्वारा रु १२ करोड ११ लाख ७४ हजार ऋण प्रदान गरिएको छ । गत आर्थिक वर्ष जिल्लामा विभिन्न आठ सरकारी, निजी बैंक तथा वित्तीय संस्थाले किसानलाई उक्त रकम प्रदान गरेको भेटेरिनरी अस्पताल तथा पशुसेवाविज्ञ केन्द्र लमजुङले जनाएको छ।

सरकारले व्यावसायिक कृषि प्रवर्द्धनका लागि विशेष सहुलियत व्यवस्था गरेसँगै सरकारी स्वामित्वमा रहेका वित्तीय संस्थाले व्यावसायिक आधार मूल्याङ्कन गर्दै विशेष ऋण प्रवाह गरेको हो । कार्यालय प्रमुख डा रुपेश श्रेष्ठका अनुसार यसरी ऋण प्रदान गर्नेमध्ये सबैभन्दा धेरै कृषि विकास बैंकले दिएको छ। यस बैंकले ४० पशुपालक किसानलाई रु तीन करोड ३३ लाख ऋण दिएको छ । नेपाल बैंकले १०किसानका लागि रु एक करोड १२ लाख, राष्ट्रिय वाणिज्य बैंकले चार किसानका लागि ५९ लाख ऋण प्रदान गरेको छ । यहाँ सो सरकारी बैंक बाहेक जिल्लाका निजी बैंकलेसमेत सहुलियत ब्याजमा ऋण दिने गरेको पाइएको छ।

निजीमध्ये सबैभन्दा धेरै सिद्धार्थ बैंकले २० जना किसानका लागि रु तीन करोड ४६ लाख ऋण दिएको छ। बैंकले किसानलाई पशुपक्षी तथा मत्स्यपालनका लागि ऋण दिएको थियो। त्यस्तै, ग्लोबल आइएमईले सात किसानलाई रु ६८ लाख ऋण दिएको उक्त केन्द्रका प्रमुख श्रेष्ठको भनाइ छ। उहाँका अनुसार एभरेष्ट बैंकले १० किसानलाई एक करोड १८ लाख ७४ हजार सहुलियत ऋण दिएको छ भने प्राइमले ६ किसानलाई एक करोड ५३ लाख सहुलियत ब्याजमा ऋण दिएको छ । त्यस्तै, सबै भन्दा कम एनएमबी बैंकले दुई किसानका लागि रु २५ लाख सहुलियत ऋण दिएको छ । पशुसेवा कार्यालय लमजुङका प्रमुख श्रेष्ठले भन्नुभयो, "जिल्लामा रहेकामध्ये १५ बैक तथा वित्तीय संस्थासँग ऋणप्रवाहको तथ्याङ्क माग गरे पनि जम्मा आठ बैंकले मात्रै सहुलियत ऋण सेवा प्रवाह गरेको छ।"


## कनभोकेसन सर्टिफिकेट हराएको सूचना

**म सन्तोष न्यौपानेको लेखनाथदेखि महेन्द्रपुल जाने क्रममा (कनभोकेसन सर्टिफिकेट)** Convocation Certificate TU (Bachelor Level) **सहित अन्य कागजपत्रको झोला हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Registration No: 4-2-0176-0060-2012

**नाम: सन्तोष न्यौपाने**

**ठेगाना: लेखनाथ–२, कास्की**

**सम्पर्क नं. : ९८४६३४२१५५**

# कोरोनाका मारमा परे पुस्तकालय

–रामबहादुर थापा
बागलुङ, १६ भदौ

यसै त पाठक पाउन छाडेका पुस्तकालय कोरोना महामारीका कारण थप सङ्कट झेल्न बाध्य छन् ।

मङ्गलबार परेको १४औँ राष्ट्रिय पुस्तकालय दिवससमेत नमनाई बित्यो । ज्ञानको भण्डार पुस्तकालयका ढोकामा महिनौँदेखि ताल्चा झुण्डिएका छन् । पाठकको आउजाउ छैन । सङ्क्रमणको जोखिम हुन नदिन पुस्तकालय खोल्न स्थानीय प्रशासनले रोक लगाएको छ । पुस्तकालय मात्र होइन, सबैखाले शैक्षिक संस्था सञ्चालनमा बन्देज छ । विसं २००३ मा खुलेको यहाँको प्रतिष्ठित विद्यामन्दिर पुस्तकालय अहिले सुनसान छ । महामारी भित्रिएदेखि नै यसको सेवा प्रभावित बनेको हो । पहिलो लहर मत्थर भएपछि बीचमा केही समय खुले पनि दोस्रो लहर सुरु भएसँगै गत वैशाखयता पुनः बन्द गर्नुपरेको पुस्तकालयका अध्यक्ष रामप्रसाद शर्माले बताउनुभयो । "निषेधाज्ञाका कारण पुस्तकालय नियमित खोल्न सकिएको छैन, स्थिति सहज हुँदासाथ सञ्चालनमा आउँछ", उहाँले भन्नुभयो । मानिस भेला हुन नपाइने भएपछि पुस्तकालय दिवसलाई पनि औपचारिकता मात्रै दिइएको उहाँले बताउनुभयो ।

कोरोनाअघि सप्ताहव्यापी कार्यक्रमसहित पुस्तकालय दिवस मनाउने चलन थियो । पाठक घटिरहेको र पठन संस्कृतिमा पनि ह्रास आइरहेका बेला पुस्तकालय नै बन्द गर्नुपर्ने दुःखद् अवस्था निम्तिएको उहाँको भनाइ छ । सदरमुकाममै रहेको ज्ञानोदाय भगवती पुस्तकालयले लामो सङ्कट व्यहोरेपछि गत वर्षदेखि तङ्ग्रिँदै थियो । स्थानीयवासीले दुरवस्थामा पुगेको पुरानो पुस्तकालयको साख फर्काएका थिए । भवनको जीर्णोदार र नयाँ व्यवस्थापनपछि नियमित सञ्चालनमा आउन थालेको उक्त पुस्तकालय पनि कोरोनाका मारमा परेको छ । पुस्तकालयका सचिव लोकेन्द्र केसीले निषेधाज्ञाका कारण बन्द गर्नुपरेको सुनाउनुभयो । "पुस्तकालयले नयाँ स्वरुप लिएको छ, व्यवस्थित बनाएका छौँ, तर खोल्न पाइएको छैन", उहाँले भन्नुभयो, "प्रशासनले अनुमति दिएपछि पुस्तकालय नियमित खुल्छ ।" विसं २०२१ मा स्थापित उक्त पुस्तकालय संरक्षण अभावमा जीर्ण स्थितिमा पुगेको थियो । पुस्तकालय अधोगतितिर लागेपछि पुस्तकालयप्रेमी र समुदाय मिलेर पुनःनिर्माणसँगै व्यवस्थापनमा जुटेका थिए । स्थानीय तहसहित सरकारका निकायले आर्थिक सहायता दिएपछि पुस्तकालय जोगिएको छ ।

यी दुई सदरमुकामस्थित नाम चलेका सार्वजनिक पुस्तकालय हुन् । यहाँका अन्य क्षेत्रमा रहेका पुस्तकालय पनि अहिले बन्द छन् । ती कहिले खुल्छन् ठेगान छैन । कतिपय पुस्तकालय शैक्षिक संस्थामातहत छन् । शैक्षिक क्षेत्र निर्वाधरूपमा नखुलेसम्म पुस्तकालय सञ्चालनमा आउने छाँटकाँट छैन । यही स्थिति अझै लम्बिँदै जाँदा पाठकले पुस्तकालय नै बिर्सने हुन् कि भन्ने चिन्ता छ । पुस्तकालय बन्द हुँदा व्यवस्थापनले नयाँ पुस्तकलगायत ज्ञानवर्द्धक सामग्री थप्न पाएका छैनन् । रेखदेख र सरसफाइ नहुँदा पुस्तकालय भवन नै बिरुप देखिन थालेका छन् । कोरोनाको दोस्रो लहर चलेपछि गत वैशाख २१ गतेयता यहाँ निषेधाज्ञा छ । पछिल्लो समय निषेधाज्ञा खुकुलो पारिए पनि कतिपय क्षेत्रमा भने प्रतिबन्ध कायमै छ । सङ्क्रमणदर घट्दै गएकाले क्रमशः सबै क्षेत्र चलायमान हुनेमा आशा जागेको छ ।

# गलेश्वर मन्दिरमा पित्तलको छाना

पोखरापत्र संवाददाता
म्याग्दी, १६ भदौ

बेनी नगरपालिका-९ स्थित प्रसिद्ध गलेश्वर शिवालय मन्दिरको छाना फेरिएको छ । गलेश्वर शिवालय क्षेत्र विकास कोषले २३ वर्षअघि निर्माण भएको मन्दिरको छानालाई पित्तलले छाएको हो ।

विसं २०७७ फागुन १५ गते भएको कोषको १५औँ कार्यकारी सभाले छाना फर्ने निर्णय गरेको थियो । मन्दिरको छाना परिवर्तन गर्ने काम सकिएको कोषका सदस्यसचिव माधवप्रसाद रेग्मीले जानकारीदिनुभयो "आपूर्तिकर्तासँग गत चैतमै सम्झौता गरे पनि निषेधाज्ञाका कारण पित्तलको पाटा ल्याउन नसकेपछि चार महिना काम हुन सकेन", उहाँले भन्नुभयो, " गत साउन अन्तिम सातादेखि सुरु भएको गलेश्वर मन्दिरको छानामा पित्तल राख्ने काम मङ्गलबार सकियो ।"

मन्दिरको छाना छाउन कोषका आजीवन सदस्य रमेश शर्माले रु पाँच लाख ५५ हजार ५५५ आर्थिक सहयोग गर्ने घोषणा गर्नुभएको छ । उहाँका बुवा राधाकृष्ण पराजुलीले विसं २०५५ मा रु २० लाख खर्चेर मन्दिर निर्माण गर्नुभएको थियो । कूल रु ३१ लाख ५० हजार लागत अनुमान गरिएको पित्तलको छाना राख्ने योजनाका लागि कोषको आन्तरिक स्रोतबाट रु २७ लाखभन्दा बढी ब्यहोर्ने निर्णय भएको छ । यसअघि सिमेन्टको छानो वर्षेनी रङरोगन गरिँदै आएको थियो । अहिले छानोमाथि प्लाइउड र पित्तल राखिएको हो ।

पित्तलले छाएपछि आकर्षक देखिएको मन्दिर बलियो र टिकाउ हुने उहाँ बताउनुभयो । छानो फेर्न कोषका कोषाध्यक्ष बमबहादुर पुनको अध्यक्षतामा उपभोक्ता समिति बनाएर काम गरिएको हो । हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथ प्रवेशद्वारका रूपमा परिचित गलेश्वर यहाँको प्रमुख धार्मिकस्थल हो । कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै चट्टानमाथि अवस्थित गलेश्वरमा शिवालय मन्दिर छ ।

हिन्दू धर्मगन्थमा गलेश्वरमा सतिदेवीको गला पतन भएको उल्लेख छ । साउन महिनाको सोमबार, बालाचतुर्दशी र महाशिवरात्रि पर्वमा मेला लाग्ने गलेश्वरमा दैनिक पूजाआज हुन्छ । गलेश्वरमा पूजाआजा र दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने विश्वास रहेको पण्डित भीमनाथ पराजुलीले बताउनुभयो । मन्दिरमा भक्तजनले चढाउने भेटीबाट पूर्वाधार निर्माण, पूजा व्यवस्थापन, संस्कृत विद्यालय, वृद्धाश्रम र तीर्थयात्री निवास सञ्चालन भएको छ । पछिल्लो दुई वर्षयता कोरोनाका कारण मन्दिरमा पूजाआजा नहुँदा आयस्रोत घटेको छ ।

# महाधिवेशनअगावै नेतृत्वको टुङ्गो

रासस
मनाङ, १६ भदौ

देशैभर विभिन्न तहको नेपाली कांग्रेसको १४औँ महाधिवेशनको तयारी चलिरहेको छ । भदौ १८ गते कांग्रेसको वडा तहको निर्वाचन हुँदैछ । यससँग नगर/गाउँ समितिको नेतृत्व चयन गरिनेछ ।

जिल्ला तहको निर्वाचन आउने अझै समय बाँकी नै छ तर, विकट हिमाली जिल्ला मनाङमा भने वडा तहको महाधिवेशनअगावै नेतृत्व टुङ्गो लगाइसकेको छ । मनाङ कांग्रेसले वडा तहको निर्वाचनअगावै नेतृत्व चयन गरेको छ । देशका सबै क्षेत्रमा कांग्रेसको १४औँ महाधिवेशनको तयारीमा भइरहेको र कांग्रेसले समय तालिका निर्धारण गरे पनि कही अझै हुने नहुने अन्योलता छ ।

पटकपटक महाधिवेशनको मिति सार्दै आएको कांग्रेसले यही भदौ १८ गतेदेखि वडा तहबाट अधिवेशन सुरु गर्ने समय तालिका निर्धारण गरे पनि आवश्यक तयारीका लागि पर्याप्त समय नहुँदा कार्यकर्ताबीच अन्योलता छाएको छ तर, मनाङमा भने विवादरहित तवरबाट सर्वसम्मत नयाँ नेतृत्वको टुङ्गो लागिसकेको नेपाली कांग्रेस जिल्ला कार्यसमिति मनाङका सचिव सुरेन्द्र गुरुङले जानकारी दिनुभयो ।

कांग्रेस मनाङले आगामी नेतृत्वका लागि शङ्कर गुरुङलाई जिल्ला सभापति बनाउने निर्णय गरेको छ । दुई कार्यकाल नेतृत्व सम्हाल्नुभएका वर्तमान जिल्ला सभापति टेकबहादुर गुरुङको संयोजकत्वमा आम कार्यकर्ताको छलफलबाट आगामी कार्यकालको नयाँ नेतृत्व टुङ्गो लगाइएको उहाँले बताउनुभयो । जिल्ला सभापतिसहित मनाङ कांग्रेसले सङ्घ तथा प्रदेशका लागि प्रतिनिधि, जिल्ला पदाधिकारी, क्षेत्रीय कार्य समिति र स्थानीय तहमा समेत निर्विवाद नयाँ नेतृत्व चयन गरिएको कांग्रेस मनाङका सभापति टेकबहादुर गुरुङले बताउनुभयो । नेतृत्व छनोट गर्ने विषयमा जिल्ला र स्थानीयस्तरमै विवाद हुँदा पार्टी कमजोर बन्ने भन्दै बलियो पार्टी निर्माणका लागि योग्य र क्षमतावान नेतृत्व चयनका विषयमा विवाद गर्न नहुने सभापति टेकबहादुरको भनाइ छ । देशका विभिन्न जिल्लामा क्रियाशील सदस्यता विवादकै कारण उल्झनमा रहेको कांग्रेसमा मनाङ कांग्रेसले गतिलो उदाहरण बनेको छ । देशका अधिकांश जिल्लामा क्रियाशील सदस्यता, नेतृत्व दाबीलगायत विषयमा विवाद हुँदा अधिवेशनसमेत अन्योलता आएको छ । विशेष गरी कांग्रेसभित्र गुट उपगुटको राजनीति मौलाउँदै गएकाले समस्यासमेत थपिँदै गएको कांग्रेस शुभेच्छुक बताउँछन् । कांग्रेसभित्र अधिवेशनका बेला देखिएको गुट उपगुटले स्थानीय तह, प्रदेश र सङ्घको निर्वाचनमा समेत असर गर्ने गरेको छ ।

# तनहुँका पत्रकारलाई बीमा

पोखरापत्र संवाददाता
तनहुँ, १६ भदौ

ब्यासनगरपालिकाको सहयोग तथा नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा तनहुँको समन्वयमा जिल्लाका पत्रकारको आरोग्य बीमा गरिएको छ ।

जिल्लामा रही सक्रिय रूपमा काम गर्दै आएका ६७पत्रकारको सगरमाथा इन्सुरेन्स बीमा कम्पनी दमौलीबाट बीमा गरिएको हो ।

ब्यासनगरपालिकाले एक पत्रकारलाई रु एक हजार पाँच सय ५० का दरले रु एक लाख तीन हजार आठ सय ५० प्रिमियम भुक्तानी गरिदिएको नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाका अध्यक्ष उज्ज्वल पौडेलले जानकारी दिनुभयो । बाँकी अपुग रकम करिब रु तीन हजार दुई सय महासङ्घ तनहुँले व्यवस्थापन गरेको छ ।

उहाँका अनुसार कूल रु ६ करोड तीन लाख बराबरको बीमा गरिएको छ । एक जना पत्रकारको रुनौ लाखका दरले बीमा गरिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार रु सात लाख दुर्घटना बीमा र रु दुई लाख स्वास्थ्य उपचारसम्बन्धी बीमा गरिएको छ ।

जिल्लाका पत्रकारको क्षमता वृद्धि तथा लोक कल्याणकारी विज्ञापन लगायतका क्षेत्रमा ब्यासनगरपालिकाले योगदान गर्दै आएको नेपाल पत्रकार महासङ्घ केन्द्रीय सदस्य एवं जिल्लाका पूर्वअध्यक्ष प्रदीप काफ्लेले बताउनुभयो । रिपोर्टिङको सिलसिलामा पत्रकारहरू हिँडीराख्नुपर्ने भएकाले जोखिम बहनकालागि नगरपालिकाले बीमामा सहयोग गरेको ब्यासनगरपालिकाका नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो ।

नगरपालिकाले गत वर्ष रु एक लाखको कोरोना बीमासमेत गरिदिएको थियो । उक्त बीमा पोलिसी मङ्गलबार नगरप्रमुख न्यौपानेले पत्रकारलाई प्रदान गर्नुभएको थियो ।

# ऋषिङमा बल्यो बत्ती

पोखरापत्र संवाददाता
तनहुँ, १६ भदौ

जिल्लाको ऋषिङ गाउँपालिकामा पाँच दिनपछि बत्ती बलेको छ । अविरल वर्षासँगै गएको पहिराले पोल ढलेर विद्युत् अवरुद्ध हुँदा सिङ्गो गाउँपालिका अन्धकारमय बनेको थियो । सो गाउँपालिकामा मङ्गलबारदेखि बत्ती बलेको छ

गत शुक्रबारदेखि विद्युत् अवरुद्ध हुँदा ऋषिङवासी अन्धकारमा जीवन बिताउन बाध्य थिए । गाउँपालिकाको आठवटै वडामा विद्युत् अवरुद्ध हुँदा स्थानीयवासीले सास्ती भोग्नुपरेको गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिनुभयो । अविरल वर्षाले श्रृङ्गपथअन्तर्गत अजम्बरीमा पुनः पहिरा खसेर सडक अवरुद्ध भएको छ । उक्त स्थानमा अघिल्लो महिनाको वर्षात्ले जस्तै गरी क्षति पुगेको उहाँले बताउनुभयो । वर्षाका कारण गाउँपालिकाका आठ घरमा पूर्ण क्षति भएकोछ । उहाँलेभन्नुभयो, "आंशिक क्षति भएका घरको तथ्याङ्क लिने काम भइरहेको छ ।" ऋषिङ गाउँपालिका-८ मिलनचोकस्थित प्रेम शाहीको घर जमिनदेखि करिब दुई मिटर तल भाँसिएर क्षति भएको गाउँपालिकाले जनाएको छ । श्रृङ्गपथका विभिन्न स्थानमा पहिरो खसेका कारण आवतजावतमा कठिनाइ भएको छ ।

यातायात सेवा पूर्णरूपमा अवरुद्ध भएसँगै मानिसको आवतजावतमा कठिनाइ भएको छ । ऋषिङ, घिरिङ र भीमाद गरी तीन पालिकाबीच यातायात सेवा नियमित बनाउने विषयमा समन्वय भइरहेको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी दिनुभयो ।

त्यसैगरी जिल्लाका घिरिङ गाउँपालिका-१ अत्रौली निवासी टीकाराम दर्जी, रामबहादुर विक र बमबहादुर थापाको घर जोखिममा रहेका छन् । घरमाथिको करिब १०० मिटर भूभाग खेतीयोग्य जमिन फाटेर पहिरो जाने उच्च जोखिममा छ । त्यस्तै पहिराका कारण रीता विक र शर्मिला थापाको परिवार विस्थापित भएको स्थानीयवासी विष्णुभक्त सिग्देलले जानकारी दिनुभयो । पीडित परिवारलाई उचित राहत तथा आवश्यक व्यवस्थापनका लागि सम्बन्धित पक्ष र सरोकारवाला निकायसँग जोडदार माग गरिएको उहाँले बताउनुभयो ।


## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला, गण्डकी, प्रदेश, नेपाल

## बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८।०५।१७**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ (२) र २ घ (११) अनुसार यस गाउँपालिकाको आ.व. २०७८/७९ को लागि निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्युनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ । मिति २०७८।०५।३१ गतेको कार्यालय समयभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिइ तोकिएको दरभाउपत्र दस्तुर तिरी दरभाउपत्र खरिद गर्न सक्नेछन् । मिति २०७८।०६।०१ गतेको मध्यान्ह १२:०० बजेभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन् । यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको Website: www.phedikholamun.gov.np हेर्नुहुन वा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

तपसिल

| क्र.सं. | सूचना नं./ठेक्का नं. | कार्यको नाम | आ.ब.२०७८/७९ को लागि न्युनतम अंक रु.(मु.अ.क.बाहेक) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| (क) सडक उपयोग, संरक्षण तथा मर्मत संभार शुल्क (स्थानीय पूर्वाधार सेवा र शुल्क) | | | | | |
| १ | PRM-T-SQ-02-078-79 | कुभिण्डे मट्टिखान नुवाकोट पौवैगौंडे सडक | १,४०,०००/- | १०००/- | दरभाउपत्र दाताले कबोल गरेको अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम धरौटी राख्नुपर्नेछ । |
| २ | PRM-T-SQ-03-078-79 | खड्केटारी वाँगे पञ्चासे दोबिल्ला सडक | ३,००,०००/- | १०००/- | |
| ३ | PRM-T-SQ-04-078-79 | फेदीखोला मिरुडाँडा कालाभैरव नुवाकोट सडक | २०,०००/- | १०००/- | |
| ४ | PRM-T-SQ-05-078-79 | कुभिण्डे डाँडागाउँ नुवाकोट सडक | २०,०००/- | १०००/- | |
| ५ | PRM-T-SQ-06-078-79 | सर्केटारी दामगाडे रामकोट नुवाकोट सडक | २०,०००/- | १०००/- | |
| ६ | PRM-T-SQ-07-078-79 | पर्सेभाटी टोड्के सडक | २०,०००/- | १०००/- | |
| ७ | PRM-T-SQ-08-078-79 | सर्केटारी गलेम पञ्चासे सडक | १,५०,०००/- | १०००/- | |
| ८ | PRM-T-SQ-09-078-79 | कुखुरेखोला चनौटे भाटखोला र फेदी खोला चनौटे पुलको मुख सडक समेत | ३००००/- | १०००/- | |
| ९ | PRM-T-SQ-10-078-79 | फेदीखोला कर्मीडाँडा मट्टिखान सडक | २००००/- | १०००/- | |



## लुम्बिनी विकास बैंक लिमिटेडको
## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

यस विकास बैंकको, छोरेपाटन शाखा कार्यालयका खातावाल भविप्रसाद आचार्यको नाति, सेबकनाथ आचार्यको छोरा, प्रदेश ४, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १७ मा बस्ने तिलकप्रसाद शर्मा आचार्यको मिति २०७८/०४/१४ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस विकास बैंकमा रहेको निक्षेप खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोराहरु राजेन्दप्रसाद आचार्य र गणेशप्रसाद आचार्यले यस विकास बैंकमा संयुक्त निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदकहरु बाहेक अन्य कोही कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र सवुद प्रमाण सहित हकदावी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदन माग वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.

छोरेपाटन शाखा
छोरेपाटन, पोखरा-१७, कास्की
फोन: ०६१-४६५५०१